# हरिपुर्वा नगरपालिकाको समाबेशी शिक्षा नीति २०७७

(हरिपुर्वा नगरकार्यपालिकाबाट मिति २०७७/ / मा स्वीकृत)

## हरिपुर्वा नगरपालिका

## सर्लाही, प्रदेश नं. २

# विषयसूची


१ पृष्टभूमि ........ १

२ विगतका प्रयास........ १

३ वर्तमान अवस्था ........ २

४ समस्या तथा चुनौती........ ३

५ समावेशी शिक्षा नीतिको आवश्यकताः ........ ४

६ दूरदृष्टि........ ४

७ लक्ष्य ........ ४

८ उद्‌देश्य ........ ५

९ रणनीति........ ५

१० नीति तथा कार्यक्रमः ........ ६

११ नीति कार्यान्वयनको जिम्मेवारी ........ ९

१२ संस्थागत व्यवस्था........ १०

१३ कानूनी व्यवास्था........ १०

१४ अनुगमन तथा मूल्याङ्कन ........ १०

## १ पृष्ठभूमि

नेपालको संविधान २०७२ जारी भए पछि नेपाल तीन तहको सरकार सहित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रुपमा पुनरसंरना हुन पुग्यो । साझा तथा एकल अधिकारका सूची मार्फत संविधानले विभिन्न अधिकारकासाथ स्थानीय तहलाई माध्यमिक तहको शिक्षाको जिम्मेवारी दिएको छ । स्थानीय विकासका निम्ति शिक्षा प्रमुख पूर्वाधार हो । शिक्षाले व्यक्तिको सर्बाङ्गीण विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ । स्थानीय तहहरु मार्फत राष्ट्रको समृद्धिको लागि त्यस्तो जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय लक्ष्यलाई साकार पार्न आवश्यक जनशक्ति उत्पादनमा स्थानीय तहबाटै योगदान दिनुपर्ने आवश्यकता छ ।

लोकतन्तत्रको स्थापनासँगै संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मार्फत नेपालले समावेशी नीति अवलम्बन गर्दै आएको छ । जसअनुसार हरेक नागरिकलाई आधारभूत शिक्षामा पहूँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी अधिकारहरुको व्यवस्था गरेको छ । संविधान र स्थानीय सरसकार सञ्चालन ऐनले व्यवस्था गरेको यो प्रावधानलाई कार्यान्वयन गर्नु स्थानीय सरकारहरुको दयित्व हुन आएको छ ।

अर्को तर्फ मानव विकासलाई व्यवस्थित गर्न विश्वका मुलुकहरुले समर्थन गरेको दीगो विकास लक्ष्यको लक्ष्य ४ मा समावेसी र समतामुलक शिक्षालाई कार्यन्वयन गर्नु पर्ने कुरा उल्लेख छ । यि दायित्व परिपालनालाई निर्देशित गर्न संघीय सरकारले राष्ट्रिय शिक्षा निति २०७६ जारी गरेको छ जस्ले स्थानीयहरुले पनि स्थानीय समावेशी तथा समतामुलक शिक्षा नीतिलाई अवलम्बन गर्नु पर्ने कुरा उल्लेख छ ।

यसै सन्दर्भमा, नेपालको संविधान २०७२ धारा २२६ तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नेपालको संविधान को अनुसुचि ८ र ९ तथा स्थानिय सरकार संचालन एन २०७४ को दफा ११ (२ ज) अनुसार आधारभुत र माध्मिक शिक्षा व्यवस्थापन गर्न बान्छनिय भएकोले यो हरिपुर्वा नगरपालिकाको समावेशी शिक्षा नीति २०७७ जारी गरिएको छ ।

## २ विगतका प्रयास

नेपाल संघीयतामा जान पूर्व र स्थानीय सरकार ऐन २०७४ जारी हुनु भन्दा अघि नेपालको समावेशी शिक्षा नीति जारी भई *सबैका लागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजना,* जस्ता कार्यक्रमहरु स्थानीयस्तर देखि नै सञ्चालन गरिएका थिए । सवैका लागि शिक्षा नीति अन्तर्गत साक्षरता अभियान, निःशुल्क शिक्षा, शिक्षाका लागि भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापनमा सुधार, पाठ्यक्रममा सुधार, शिक्षामा समावेशिता, विशेष

आवश्यकता भएका बालबालिकाका लागि शिक्षा जस्ता कार्यक्रमहरूमार्फत शिक्षा क्षेत्रको विकासका लागि नीतिगत एवं संस्थागत प्रयास भएका थिए । त्यसैगरी शिक्षाका उपक्षेत्रगत नीतिहरू जस्तैः अनौपचारिक शिक्षा नीति, विशेष शिक्षा नीति, उच्च शिक्षा नीति, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति, अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी शिक्षा नीति, शैक्षिक जनशक्ति विकास सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइए । यिनै कार्यक्रमहरु सञ्चालन भइरहेको बेला, हरिपुर्वा नगरपालिकामा देहायका कार्यहरु भएका छन् ।

**शिक्षाको गुणस्तर सुधारका लागि विगतका प्रयासहरु**

- प्राविधिक विद्यालय संचालनमा रहेको,
- विद्यालयहरुको भौतिक संचरना निर्माण कार्य हुदै आएको,
- विद्यालयमा सौर्य बत्तिको व्यवस्था रहेको,
- विद्यालयमा शैक्षिक सामाग्री वितरण गरिदै आएको,
- विद्यालयमा विद्यार्थी टिकाउनका लागि सभा गोष्ठी संचालन र पुरस्कार वितरण हुदै आएको,
- विद्यालयहरु शान्ति क्षेत्र घोषणा गर्ने प्रयास भएको,
- विद्यार्थीको सिकाईस्तर वृद्धि गर्न निशुल्क कोचिंगको व्यव्सथा गरिएको,
- वर्ल्ड भिजनको सहयोगमा विद्यालयको वालवालिका सिकाइस्तर वृद्धिको लागि शैक्षिक सामाग्री वितरण,
- विद्यालयमा छात्राको उपस्थिति बढाउन नगरपालिका र प्रदेश सरकारको समन्वयमा छात्राहरुलाई साइकल वितरण गरिएको,
- विद्यालयमा शिक्षक विद्यार्थीको उपस्थितिलाई प्रभावकारी बनाउन अनुगमन गर्ने गरिएको,
- शिक्षकको कक्षा शिक्षणको अवलोकन गरी निरीक्षण फारम भरी सुधारका लागि थम सहयोग गरेको,
- विद्यालयको भौतिक अवस्था सुधारको लागि अवलोकन गरी नगरपालिकामा प्रतिवेदन पेश गरेको,
- विद्यालयको समस्या अध्ययन गरी सुधारका लागि नगरपालिकामा जानकारी गराएको ।

## ३ वर्तमान अवस्था

हरिपुर्वा नगरपालिका प्रदेश नं. २ अन्तर्गत सर्लाही जिल्लाको ११ वटा नगरपालिका मध्ये एक हो । यहा जम्मा २० वटा स्थानीय तह छन् । यो नगरपालिका जिल्लाको पूर्वमा अवस्थित छ भने यसको पूर्वमा महोत्तरी जिल्ला, पश्चिममा ब्रह्मपुरी गाँउपालिका, उत्तरमा इश्वरपुर नगरपालिका र दक्षिणमा पर्सा गाँउपालिका अवस्थित छ । यस नगरपालिकामा ९ वटामा वडाहरु र ७ वटा टोलहरु छन् । यहाँको कुल जनसंख्या ४३२८७ जना मध्ये २२६३० पुरुष र २०६५७ महिला रहेको छ । यहाँ ६१२९ घरधुरी रहेको छ । यहाँ घरधुरीको संख्या ६१२९ रहेको छ । लगभग ७० प्रतिशत साक्षर रहेको यस न.पा.मा दलित (.......... प्रतिशत), जनजाती (.......... प्रतिशत) र मुस्लिम (......... प्रतिशत) हरुको संख्या धेरै रहेको छ । तुलनात्मक रुपमा यी समुदायकहरुको शिक्षामा पहुँच न्यून रहेको पाइन्छ । यहाँ रहेका १६ वटा विधालयहरु मध्ये ४ वटा माध्यमिक विद्यालय (२ वटा १० कक्षा सम्म र २ वटा कक्षा ८ सम्म) र

१२ वटा आधारभुत विद्यालय रहेका छन् । त्यसैगरी व्यवसायिक तथा प्राविधिक शिक्षातर्फको एउटा सिभिल इन्जिनियरिङ्ग कक्षा सञ्चालनमा रहेको छ । यसका साथै ५ वटा धार्मिक विधालय (मदरसा) र ४ वटा निजि विधालयहरुबाट समेत शैक्षिक सेवा प्रबाह भैरहेको छ ।

## ४ समस्या तथा चुनौती

**मुख्य समस्या**

शैक्षिक क्षेत्रमा समान पहुँच नहुनुका साथै गुणस्तरीय तथा जिवनोपयागी शिक्षाको कमी हुनु यस नगरपालिकाको शिक्षा क्षेत्रको प्रमुख समस्या रहेको छ ।

यसका सहायक समस्याहरु देहाय बमोजिम रहेका छन् ।

- भौतिक संरचना छात्रामैत्री, बालमैत्री तथा अपाङ्गमैत्री नभएको,
- विद्यालयहरुमा IT Based पुस्तकालयहरु नभएको,
- समतामुलक शिक्षाको अवसर (दलित, मुस्लिम र पिछडिएका समुदायका केटाकेटी विद्यालय जाने प्रचलन) को कमी,
- वालविकास केन्द्रहरु प्राथमिकतामा नपर्नु
- विद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दीमा कमी,
- विद्यालयमा विद्यार्थीको नियमित उपस्थितिमा कमि (भर्नामा ५०० भए पनि ५० जना मात्र उपस्थिति हुने),
- विद्यालयमा आएका विद्यार्थी पुरै समय विद्यालयमा नबस्ने (टिफिन टाइमभन्दा पछाडी विद्यार्थी विद्यालयमा नबस्नु),
- प्रभावकारी शिकाईको अभ्यास नरहेको (पाठयोजना, शिक्षण सामग्री र मातृभाषाको प्रयोगमा कमी)
- सवै विद्यालयमा खानेपानी तथा सरसफाई सुविधामा कमी साथै छात्रामैत्री व्यवस्थापनमा कमी,
- शिक्षक आफ्नो पेशा प्रति इमान्दार र समर्पित हुन नसकिरहेको (विद्यालयमा समयमा उपस्थित नहुनु तथा उपस्थित शिक्षकले मेहनतका साथ पठनपाठन नगराउनु, आफ्नो घन्टीमा समयमा कक्षाकोठामा नजाने),
- प्रधानाध्यापकको कमजोर प्रशासनिक क्षमताको कारण विद्यालय प्रशासन फितलो
- विद्यालय समयभर (१० देखी ४ बजे सम्म) संचालन हुन नसकेको,
- शैक्षिक बिकासमा नगरपालिकाले योजनाबद्धरुपमा कामको सुरुवात गरिनसकेको अवस्था,
- गुणस्तरीय शिक्षाको लागि विधार्थी र शिक्षकहरुमा उत्प्रेरणामूलक कार्यक्रमको कमी,
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन हुन नसकिरहेको,
- शिक्षक, विधार्थी र अभिभावक बीच समन्वयनको वातावरण नहुनु,
- शिक्षकहरुलाई पेशागत र विषयगत तालिमको व्यवस्था नहुनु,

- संघीय नीति तथा ऐन लागु गरे नगरेको मुल्याङ्कन अनुगमन नहुनु,
- राज्यले विद्यालयलाई दिने अनुदान समयमा नै प्राप्त नहुनु,
- विद्यालय शिक्षाको पाठ्यक्रम जीवनोपयोगी नहुनु,
- विद्यालयहरु शान्ति क्षेत्रको रुपमा स्थापित हुन नसक्नु (विद्यालयमा बाह्य आक्रमण तथा बढि राजनिति हुनु),
- विद्यालयहरु सृजनात्मक अतिरिक्त क्रियाकलापको कमजोर व्यवस्था,
- विधालयका शिक्षक, वि. व्य. स. र विधार्थीलाई जिम्मेबार आचार संहिता बनाएर जिम्मेवार बनाउन नसक्नु
- साामाजिक क्रियाकलाप तथ्या सार्वजनिक कार्यक्रमहरु विधालय भवन वा खेलमैदानमा गर्नाले विद्यालयको शैक्षिक वातावरण प्रभावित हुनु,
- शैक्षिक क्यालेन्डर सहित नगरपालिकाले नियमनकारी भूमिका निर्बाह गर्न नसकेको,

## ५ समावेशी शिक्षा नीतिको आवश्यकताः

नेपालको संविधान २०७२ जारी भएसंगै नेपाल तीन तहका सरकारहरुको व्यवस्थासँगै संघीय लोकतान्त्रिक राज्य प्रणालीमा प्रवेश गरेको छ । त्यससंगै संविधानमा जनताका अधिकारहरुको परिभाषा र व्यवस्थाहरुमा परिवर्तन भएको छ । संविधानले तीन तहको सरकार मध्ये स्थानीय तहको सरकारलाई माध्यमिक तह (१२ कक्षा) सम्मको शिक्षालाई व्यवस्था तथा प्रवर्द्धन गर्ने जिम्मेवारी दिएको छ । संविधानमा व्यवस्था भएका शिक्षा सम्बन्धी जनताको मौलिक हक, मुलुकको आर्थिक-सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्धौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्पलाई पुरा गर्नु स्थानीयस्तरबाट नै सुरु हुन अनिवार्य छ ।सवैखाले शिक्षाको सुरुवाती तह आधारभूत शिक्षा भएको र आधारभूत तथा माध्यमिक तहको शिक्षा स्थानीय सरकारको जिम्मेवारी भित्र पर्ने भएकोले माथि उल्लेखित लक्ष्यहरु प्राप्त गर्न र शिक्षालाई नगरपालिकास्तरबाटै व्यवस्थित गर्न यो समावेशी शिक्षा नीति लागु हुन बाञ्छनीय देखिएको छ ।

## ६ दूरदृष्टि

“शिक्षित, सभ्य र सक्षम जनशक्तिको बिकास ! समृद्ध हरिपुर्वा नगरपालिकाको निकास ‼

## ७ लक्ष्य

समतामुलक, समाबेसी, बालमैत्री, र सुरक्षित शिक्षाका माध्यमबाट, व्यवसायिक र जीवनउपयोगी शिक्षा दिइ आर्थिक समृद्धि हासिल गर्दै सक्षम र सभ्य समाजको निर्माण गर्ने ।

## ८ उद्देश्य

८.१ आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षा र शिक्षण पद्धतिलाई प्रभावकारी र व्यवस्थित बनाउनु,

८.२ सबै जाति, धर्म, लिङ्ग र आर्थिकस्तरका मानिसहरुको शिक्षाको पहुँचलाई सुनिश्चित गर्नु,

८.३ सबै प्रकारका बालबालिकालाई विद्यालयको पहुचमा पुऱ्याउनु

८.४ नगरमा योग्य, सक्षम, प्रतिस्पर्धी नागरिकको विकास गर्न,

८.५ शिक्षालाई व्यवासायिक, रोजगारीमूलक र जिवनोपयोगी बनाउनु,

८.६ साक्षर नगरपालिका बनाई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु,

८.७ विद्यालयहरुको सवैखाले भौतिक पूर्वाधारहरुलाई व्यवस्थित गर्नु

८.८ सामुदायिक, संस्थागत र धार्मिक शिक्षण संस्थाहरुलाई व्यवस्थित तथा प्रभावकारी बनाउनु

८.९ सशैक्षिक लगानीलाई व्यवस्थित र नतिजामुखी बनाउनु

## ९ रणनीति

९.१ आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षामा महिला, दलित, पछिडा बर्ग, अपाङ्गता भएकाहरुको पहुँचलाई सुनिश्चित गर्ने ।

९.२ ९.२ विद्यालयहरुलाई जिवनोपयोगी सिकाइको केन्द्रको रुपमा बिकास गर्ने

९.३ ९.३ शिक्षामा महिला सहभागितालाई प्रभावकारी बनाउने

९.४ ९.४. प्राविधिक तथा जिवनोपयोगि शिक्षाको प्रवर्द्धन गर्ने

९.५ ९.५ सबै शैक्षिक संस्थाहरुको पुर्वाधारमा सुधार ल्याउने

९.६ ९.६ शिक्षकहरुको क्षमता बिकास गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउने,

९.७ ४. विद्यालयबाट बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयको पहुचमा पुऱ्याउन

९.८ ५. शिक्षाको राष्ट्रिय तहगत र कक्षागत उद्धेश्य पुरा गर्न

९.९ ६. बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित गर्न सबै विद्यालयमा शुसाशन कायम गर्ने

९.१० ८. स्थानीय स्रोत तथा साधनको पहिचान गरी त्यसको सही सदुपयोग गर्न

९.११ ९.शिक्षासँग सरोकार राख्ने सबै निकायलाई जिम्मेवार, उत्तरदायी बनाउन र आफ्नो काम, कर्तब्य बोध गराउन

९.१२ १०.स्थानीय स्तरमा रहेका जनशक्तिलाई रोजगारी सिर्जना गर्न

९.१३ ११. शिक्षामा गुणस्तर कायम गर्न

९.१४ १२. विद्यालयमा देखिएका भौतिक, सामाजिक, प्राकृतिक समस्याहरु सम्बोधन गर्न

९.१५१३.बालबालिकाको सिकाइ सुनिश्चित गर्न मुल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाउने

९.१६१४. हाम्रालाई भन्दा राम्रालाई प्रोत्साहन गर्न

## १० नीति तथा कार्यक्रमः

यस समावेशी शैक्षिक नीतिको दूरदृष्टि, लक्ष्य, उद्देश्य र रणनीतिहरूको परिधिभित्र रही देहायबमोजिमका नीति तथा कार्यनीतिहरू अवलम्बन गरिने छ । यस दस्तावेजमा रहेका रणनीति, कार्यनीतिको आधारमा नगरपालिकाले आफ्नो वार्षिक बजेटमा उपयुक्त कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

### १०.१ समावेशी शिक्षा प्रवर्द्धन

१०.१.१ विभिन्न आकर्षक कार्यक्रमका साथ दलित, पिछडावर्ग, निम्न वर्गीय परिवार तथा अपाङ्गता भएका वालवालिकाहरु रहेका परिवारमा विद्यालय भर्ना कार्यक्रम सञ्चालन गरिने छ ।

१०.१.२ अपांगता भएका व्यक्ति तथा वालवालिकाहरुको लागि विशेष शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिने छ जस अन्तर्गत:

- आवश्यकताको आधारमा विशेष तथा श्रोत कक्षा स्थापना गरिने छ ।
- वालवालिका भर्नाको समयमा स्क्रिनिङ्ग गर्ने र आवश्यकता अनुसार सहायक सामग्रीहरुको पनि व्यवस्था गरिने छ ।
- गम्भिर प्रकारका अपाङ्गता भएका वालवालिकाहरुको लागि दिवा हेरचाह केन्द्रको व्यवस्था गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सीपमा आधारित तथा व्यवशायिक शिक्षा प्रवर्द्धनका लागि जोड दिइने छ ।

१०.१.३ महिला शिक्षालाई प्रवर्द्धन गर्न प्रदेश सरकारसँग समन्वय गरी बेटी बचाऊ, बेटी पढाऊ जस्ता कार्यक्रमलाई प्राथमिकताका साथ कार्यन्वयन गरिनेछ ।

१०.१.४ छात्राहरुको टिकाउदर बढाउन महिला स्वास्थ्यसँग सम्बन्धित स्यानिटेरी प्याड वितरण जस्ता कार्यक्रमलाई प्राथमिकताकासाथ सञ्चालन गरिनेछ ।

### १०.२ आधारभूत शिक्षा प्रवर्द्धन

१०.२.१ आधारभूत शिक्षाको आधार दह्रो बनाउन पूर्वप्रथमिक शिक्षा कार्यक्रमलाई टोल टोलमा अभियानको रुपमा सञ्चालन गरिनेछ ।

१०.२.२ धार्मिक (मदर्सा) तथा नीजि विद्यालयमा समेत सामुदायिक विद्यालयको पठ्यक्रम लागु गरी आधारभूत शिक्षामा एकरुपता कायम गरिने छ ।

१०.२.३ आधारभूत तहबाट नै सूचना प्रविधिको प्रयोग गरी शिक्षालाई जीवनोपयोगी बनाउन ध्यान दिईनेछ ।

१०.२.४ प्रयोगात्मक शिक्षालाई प्रवर्द्धन गर्न आधारभूत विद्यालयहरुमा समेत प्रयोगशाला र यसकालागि आवश्यक सामग्रीको व्यवस्था मिलाइने छ ।

१०.२.५ विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरुलाई समावेशी, प्रतिस्पर्धात्मक र नियमित गराउदै लगिने छ ।

**१०.३ माध्यमिक शिक्षा प्रवर्द्धन**

१०.३.१ माध्यमिक तहको शिक्षालाई व्यवसायिक बनाउन स्थानीयस्तरमा नयाँ कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०.३.२ कक्षा ११ र १२ मा प्राविधिक धारका विषयहरु समावेश गरिने छ ।

१०.३.३ माध्यमिक तहका विद्यालयहरुमा सूचना प्रविधिमा आधारित ई लाइब्रेरी स्थापना र सञ्चालन गर्ने कार्यक्रमलाई प्रथमिकताका साथ अघि बढाईने छ ।

**१०.४ प्राविधिक तथा जिवनोपयोगी शिक्षा प्रवर्द्धन**

१०.४.१ नगरपालिकाभित्र सञ्चालनमा रहेको प्राविधिक विद्यालयलाई अझ व्यवस्थित गरिने छ ।

१०.४.१ स्थानीय कृषि तथा तरकारी खेतीलाई व्यवसायीकरण गर्न प्रविधिक शिक्षालयमा नयाँ पाठ्यक्रम लागु गरिनेछ ।

**१०.५ शैक्षिक पूर्वाधार व्यवस्थापन**

१०.५.१ आवश्यकता अनुसार विद्यालयहरुमा नयाँ पहुँचयुक्त भवन, कक्षाकोठा थप, पुस्तकालय, सूचना प्रविधिका कक्षाहरु थप गर्दै लगिनेछ ।

१०.५.२ विद्यालयहरुको वातावरण राम्रो राख्न विद्यालयहरुमा पहुँचयुक्त खानेपानी, तथा छात्रा तथा अपांगमैत्री शौचालयहरु क्रमश स्थापना तथा व्यवस्थापन गर्दै लगिनेछ ।

१०.५.३ विद्यालयहरुको अनुगमन गर्न सिसि क्यामेरा जस्ता नयाँ प्रविधिको विकास गरिने छ भने सूचना प्रविधिको विकास गर्न हरेक विद्यालयमा कम्प्यूटर प्रयोगशाला स्थापना गरिनेछ।

१०.५.४ शिक्षण विधिलाई प्रभावकारी बनाउन विद्यालयहरुमा शिकाई कुना, पुस्तकालय लगायत अन्य शैक्षिक सामाग्रीहरुको व्यवस्था मिलाउदै लगिने छ।

१०.५.५ विद्यार्थीहरुको शारीरिक स्वास्थ्यमा सुधार गर्न विद्यालयहरुमा सवैखाले विद्यार्थीहरुको पहुँच हुने खालको खेलकुद मैदानहरुको निर्माण गर्दै लगिने छ।

१०.५.६ बाल बिकास केन्द्रकालागि आवश्यक भौतिक पूर्वाधार व्यवस्थापनमा जोड दिइएने छ।

## १०.६ मानवीय संसाधनको व्यवस्थापन

१०.६.१ विद्यार्थी संख्याको आधारमा शिक्षक अनुपात मिलाउन शिक्षक दर्बन्दी सृजना गर्दै लगिनेछ।

१०.६.२ विषयगत तथा पेशागत जिम्मेवारी सम्बन्धी तालिमको व्यवस्था गरी शिक्षकहरुलाई आफ्नो पेशा प्रति समर्पित र जिम्मेवार बनाउदै लगिनेछ।

१०.६.३ पूर्व बाल बिकास केन्द्रका शिक्षक शिक्षिकाहरुको क्षमता बिकासका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

१०.६.४ शिक्षकहरुलाई विषयगत र नयाँ प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरी समयसापेक्ष अध्यापन गराउन सक्षम बनाईनेछ। शिक्षक तालिममा अपाङ्गता समावेशी तथा बालमैत्री शिक्षाको विषयवस्तुहरु पनि समावेश गर्ने व्यवस्था मिलाईने छ।

१०.६.५ शिक्षकहरुलाई आफ्नो पेशा प्रति जिम्मेवार बनाउन दण्ड तथा पुरस्कारको व्यवस्था मिलाईने छ।

१०.६.६ विद्यालय प्रधानाध्यापकको प्रशासनिक क्षमतामा सुधार ल्याउन तालिमको व्यवाथा गरिने छ साथै तालिम पछि पनि सुधार नदेखिएमा प्रतिस्पर्धात्मक विधिबाट नयाँ प्र अ नियुक्त गर्ने नीति अवलम्बन गरिने छ।

## १०.७ शैक्षिक वातावरण व्यवस्थापन

१०.७.१ नगर उप्रमुखको नेतृत्वमा कार्यविधि बनाई शैक्षिक प्रगतिको अनुमनलाई प्रभावकारी बनाइने छ।

१०.७.२ अनुगमन प्रतिवेदनलाई नगर कार्यपालिका र नगरसभामा प्रस्तुत गर्ने व्यवास्था मिलाईने छ।

१०.७.३ विद्यालयको शैक्षिक वातावरणलाई स्वच्छ र प्रभावकारी बनाउन शिक्षक, विधार्थी र अभिभावक बीच समन्वय तथा छलफलका कार्यक्रमहरु सञ्चालनमा जोड दिईनेछ ।

१०.७.४ बाह्य हस्तक्षेप र राजनितिक प्रभाव कम गर्न विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्ने कार्यलाई अभियानको रुपमा अघि बढाइने छ ।

१०.७.५ विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समिति र विधार्थीलाई जिम्मेवार बनाउन आचार संहिता बनाएर लागु गरिने छ ।

१०.७.६ सार्वजनिक कार्यक्रम, राजनितिक सभा र विबाह, ब्रतबन्ध जस्ता साामाजिक क्रियाकलापहरु विधालय परिसरमा सञ्चालन गर्न रोक लगाईने छ ।

१०.७.७ नगरपालिकास्तरीय शैक्षिक क्यालेन्डर बनाई सवै विद्यालयमा लागु गरिनेछ ।

१०.७.८ सिकाई कार्यलाई प्रभावकारी बनाउन प्रयोगात्मक तथा Parenting जस्ता शिक्षण बिधिहरुलाई अवलम्बन गर्ने व्यवस्था मिलाईने छ ।

१०.७.९ विद्यालय व्यवस्थापन समितिहरुको क्षमता बिकासका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा अघि बढाइने छ ।

१०.७.१० विद्यायल सुधार योजनाको आधारमा विद्यालयहरुलाई अनुदानको व्यवस्था गरी गुणात्मक प्रतिस्पर्धा गराउने व्यवस्था मिलाईने छ ।

१०.७.११ हरिपुर्वा नगरपालिकालाई पूर्ण साक्षर नगर घोषण गर्ने कार्यक्रमलाई अघि बढाईने छ ।

## ११ नीति कार्यान्वयनको जिम्मेवारी

राष्ट्रिय शिक्षा नीतिको लक्ष्य तथा उद्देश्यहरूको अधीनमा रही नीति, रणनीति र कार्यनीतिमा उल्लेख भएका विषयहरूका साथै प्रदेश र स्थानीय तहले थप रणनीति र कार्यनीतिहरू आ-आफ्नो नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न सक्नेछन् । संघीय ढाँचामा नीति कार्यान्वयनको जिम्मेवारी निम्नानुसार हुनेछ :

**११.१ नगरपालिकाको जिम्मेवारीः** यो शिक्षा नीति नगरपालिकाको नेतृत्वमा कार्यान्वयन हुनेछ । नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा यस नितिअनुरुपको कार्यक्रमहरु समावेश गरी कार्यनवयन गरिनेछ । नीतिको कार्यन्वयन गर्ने, अनुगमन तथा मुल्यांकन गर्ने र सो मुल्यांकनको आधारमा यस नीतिको परिमार्जन गर्ने जिम्मेवारी नगरपालिकाको रहने छ । यस नीति तथा कार्यक्रमलाई कार्यन्वयन गर्न, बजेट व्यवस्थापनको लागि संघीय तथा प्रदेश सरकार र विकास साझेदारसँग समन्वय तथा सहकार्य गर्ने जिम्मवारी समेत नगरपालिकामा रहने छ ।

**११.२ प्रदेश सरकारको जिम्मेवारीः** नगरपालिकाको समन्वयमा प्रदेश सरकारको प्राथमिकता, नीति तथा कार्यक्रमसँग मिल्ने कृयाकलापहरुमा समन्वय र सहकार्य गर्ने तथा प्रदेश सरकारको प्रथमिकताका

शैक्षिक कार्यक्रमहरुको कार्यनवयनका लागि आवश्यक नीनि निर्मामाण प्रदेश सरकारको जिम्मेवारी हुनेछ ।

**११.३ संघीय सरकारको जिम्मेवारी:** १५ औं राष्ट्रिय योजना, राष्ट्रिय शिक्षा नीति, दीगो विकास लक्ष्यसँग सम्बन्धित निति कार्यक्रमसँग समन्वय र सहकार्य गर्दै स्थानीय शिक्षा नीति कार्यन्वयनको लागि अनुदान तथा साझेदारी गर्ने जिम्मेवारी संघीय सरकारसँग रहने छ ।

**११.४ विकास साझेदारहरुको भूमिका:** विकास साझेदार संघ संस्थाले नगर शिक्षा नीति अनुसार कार्यक्रम प्रस्तुत गर्ने, श्रोत साझेदारी गर्ने र नगरपालिकालाई शिक्षा नीति कार्यनवयनमा सहयोगी भूमिका निर्वाह गर्न सक्नेछन् ।

## १२ संस्थागत व्यवस्था

यो शिक्षा नीति कार्यन्वयन गर्ने मुख्य संस्था हरिपुर्वा नगरपालिका हुनेछ । व्यवस्थापकीय, कार्यकारी तथा नियमनकारी जिम्मेवारी नगरपालिकाको रहने छ । नगरपालिका अन्तर्गन रहने शिक्षा शाखा नगरपालिकाको तर्फबाट प्रत्येक्ष उत्तरदायी रहने छ । शिक्षा शाखाको समन्वयमा विकास साझेदारहरु आफ्नै संरचना सहित सहकार्य गर्न सक्नेछन् ।

## १३ कानूनी व्यवास्था

यस शिक्षा नितिलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न नगरपालिकाले नगर शिक्षा ऐन बनाई जारी गर्ने छ भने यसमा उल्लेख भएका कत्तिपय व्यवस्थाहरुको लागि आवश्यकता अनुसार निर्देशिका तथा कार्यविधि बनाई जारी गर्न सक्ने छ ।

## १४ अनुगमन तथा मूल्याङ्कन

नगर प्रमुख यस नीतिको संरक्षक तथा कार्यन्वयन प्रति उत्तरदायी रहनेछन् भने, नगर उपप्रमुखको नेतृमा रहेने अनुगमन तथा मुल्याङ्कन समितिले यो नीति कार्यन्वयन भए नभएको विषयको अनुगमन गरी कार्यपालिकामा प्रतिवेदन गर्ने छ । कार्यक्रम तथा कृयाकलापहरुको सुपरिवेक्षण तथा अनुगमन गर्न अनुगमन समितिले प्राविधिक टोली गठन गर्न सक्नेछ ।